आज मिति २०७६/०८/१५ गते दिनको १:०० बजे यस गोरखा नगरपालिका, गोरखाका नगर प्रमुख श्री राजनराज पन्तज्यूको अध्यक्षतामा नगरकार्यपालिकाको बैठक बस्यो । बैठकमा निम्नानुसारका कार्यपालिका सदस्यज्यूहरुको उपस्थिति रहेको छ ।

| क्र.सं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री राजन राज पन्त | |
| २ | नगर उपप्रमुख | श्री बिना कुमारी श्रेष्ठ | |
| ३ | वडा अध्यक्ष वडा नं. १ | श्री हिक्मत बहादुर कुँवर | |
| ४ | वडा अध्यक्ष वडा नं. २ | श्री रहम तुल्ला मिया | |
| ५ | वडा अध्यक्ष वडा नं. ३ | श्री राम बाबु बोगटी | |
| ६ | वडा अध्यक्ष वडा नं. ४ | श्री खोप बहादुर अधिकारी | |
| ७ | वडा अध्यक्ष वडा नं. ५ | श्री राम कुमार थापा मगर | |
| ८ | वडा अध्यक्ष वडा नं. ६ | श्री नारायण प्रसाद अर्याल | |
| ९ | वडा अध्यक्ष वडा नं. ७ | श्री विष्णु प्रसाद श्रेष्ठ | |
| १० | वडा अध्यक्ष वडा नं. ८ | श्री कृष्ण बहादुर खत्री | |
| ११ | वडा अध्यक्ष वडा नं. ९ | श्री कुल बहादर कुँवर | |
| १२ | वडा अध्यक्ष वडा नं. १० | श्री देवी बहादुर बस्नेत | |
| १३ | वडा अध्यक्ष वडा नं. ११ | श्री राम बहादुर खड्का | |
| १४ | वडा अध्यक्ष वडा नं. १२ | श्री डिल बहादुर थापा | |
| १५ | वडा अध्यक्ष वडा नं. १३ | श्री हरि बहादुर खनाल | |
| १६ | वडा अध्यक्ष वडा नं. १४ | श्री राम बहादुर खड्का | |
| १७ | नगर कार्यपालिका सदस्य | श्री हरि बहादुर गान्धारी | |
| १८ | नगर कार्यपालिका सदस्य | श्री रञ्जिला श्रेष्ठ | |
| १९ | नगर कार्यपालिका सदस्य | श्री सावित्री थापा मगर | |
| २० | नगर कार्यपालिका सदस्य | श्री बिना कैनी | |
| २१ | नगर कार्यपालिका सदस्य | श्री कमला भट्ट | |
| २२ | नगर कार्यपालिका सदस्य | श्री गिता थापा मगर | |
| २३ | नगर कार्यपालिका सदस्य | श्री मित्रा नेपाली परियार | |
| २४ | नगर कार्यपालिका सदस्य | श्री अप्सरा नेपाली रेग्मी | |
| २५ | प्रमुख प्रशासकीय अधिकृत<br>सदस्य सचिव | श्री कृष्ण कुमारी श्रेष्ठ | |
| | अन्य उपस्थिति | | |
| २६ | प्रकाश ढकाल | | |
| २७ | दिल प्रसाद अधिकारी | प्रशासन शाखा | |
| २८ | नविन अधिकारी | कृषि विकास उपशाखा | |
| २९ | जानुका कुँवर शा.अ. | योजना | |
| ३० | टंक कुमारी पुर्जा | पशु विकास शाखा | |

Scanned by CamScanner

निर्णय मितिः२०७६।०८।१५

**नगरकार्यपालिका बैठक २०७६।०८।१५ मा छलफल हुने प्रस्ताव तथा निर्णयहरु :**

प्रस्तावहरुः

१. तपशील बमोजिमका फर्मलाई (घ) वर्गको निर्माण व्यवसायी इजाजतपत्र दिने सम्बन्धमा ।

| क्र.सं. | फर्मको नाम | प्रोपाइटर | ठेगाना |
|---|---|---|---|
| १ | आले कन्स्ट्रक्सन | श्याम आले मगर | वडा नं. ७ |
| २ | माता नवदुर्गा कन्स्ट्रक्सन | चुना अछामी | वडा नं. ६ |
| ३ | ल्याण्ड क्राफ्ट्स | उत्तम बानिया | वडा नं. १ |
| ४ | नमन निर्माण सेवा | नविन दानी क्षेत्री | वडा नं. ३ |
| ५ | अंगाई कन्स्ट्रक्सन एण्ड सप्लायर्स | हित बहादुर अंगाई | वडा नं. ३ |

२. नगरबस सञ्चालन कार्यविधि निर्माण सम्बन्धमा ।

३. संघ, संस्था दर्ता, परिचालन र नियमन सम्बन्धी कार्यविधि निर्माण सम्वन्धमा ।

४.नगरसभाबाट पारित महेन्द्र ज्योति भवन निर्माण सम्पन्न गर्ने बजेट रु. १३,००,०००।- (तेह्र लाख रुपिया) उक्त विद्यायलयको शैक्षिक तथा भौतिक सुधारको लागि अनुदान दिने सम्वन्धमा ।

५.नेपाली राजदूताबास लण्डनको च.नं. ६१ मिति २०७६।०६।२३ को पत्रबाट संयुक्त अधिराज्यको Rushmoor Borough Council ले यस नगरपालिकासँग भगिनी सम्बन्ध स्थापना गर्ने र सो सम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर गर्न यस नगरपालिकाका मेयरज्यूको नेतृत्वमा चार सदस्यीय प्रतिनिधि मण्डललाई आगामी २९ जनवरी देखि १ फ्रेबुअरी २०२० सम्म संयुक्त अधिराज्यको भ्रमणको लागि जानकारी आएकोले सो भ्रमणमा जाने सदस्य छनोट सम्बन्धमा ।

६. आ.व. २०७६।०७७ को लागि नगरसभाबाट स्वीकृत तपशीलका वडाहरुको बजेट तथा कार्यक्रम सम्बन्धमा

(क) वडा नं. ८ को कार्यालय तथा प्रशासनिक व्यवस्थापन शीर्षकमा रहेको रु. ४,००,०००।- (चार लाख रुपिया) बाट तल्लो बराह नया बस्ति टोलमा सडक बत्ती व्यवस्थापनका लागि रु. १,००,०००।- ( एक लाख रुपिया) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ को व्यवस्था अनुसार रकमान्तर गर्ने सम्बन्धमा ।

(ख) जिल्ला समन्वय समिति, गोरखाको सदस्य श्री लक्ष्मी थापा मगरज्यूबाट यस नगरपालिकाको वडा नं. २ मा जुडी खेत खोला-आहाले भञ्ज्याङ लिफ्टिङ खानेपानीका लागि रु. १०,००,०००।- (दश लाख रुपिया) विनियोजन भएको र सो योजना कार्यान्वयन गर्नका लागि सम्बन्धित स्थानीय तहबाट २५ प्रतिशत नगद लागत सहभागिताको व्यवस्था गर्नु पर्ने भएकोले वडा नं. २ को खानेपानी, सडक तथा भौतिक संरचना मर्मत सम्भार शीर्षकमा रहेको रु. ६,५०,०००।- (छ लाख पचास हजार रुपिया) मध्येबाट रु. २,५०,०००।- (दुई लाख पचास हजार रुपिया) विनियोजन गरी उक्त योजना कार्यान्वयन गर्नका लागि नगद लागत सहभागिताको व्यवस्था गर्ने ।

(ग) वडा नं. ११ को विपद् व्यवस्थापनको लागि रु. ३,००,०००। (तीन लाख) र भ्रमणको लागि रु. २,००,०००। (दुई लाख) विनियोजन गरिएकोमा गल्ती भई विपद् व्यवस्थापनमा रु. ५,००,०००। (पाँच



राजनराज पन्त
नगर प्रमुख

कृष्ण कुमारी श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

लाख) भएकोले सो शीर्षक संशोधन गरी भ्रमणको लागि रु. २,००,०००। (दुई लाख), ढुलढुले खोला पहिरो संरक्षण तथा नियन्त्रणको लागि रु. २,००,०००। (दुई लाख) र विपद् व्यवस्थापन शीर्षकमा रु. १,००,०००।- (एक लाख रुपिया) रहने गरी खर्च शीर्षक संशोधन सम्बन्धमा ।

(घ) वडा नं. १३ को विपद् व्यवस्थापन अवुवा सेरा चोक सार्वजनिक शौचालय निर्माणमा रु. ३,००,०००।- भएकोले सो संशोधन गरी विपद् व्यवस्थापन शीर्षकमा रु. १,००,०००।-(एक लाख रुपिया) र अवुवा सेरा चोक सार्वजनिक शौचालय निर्माणमा रु.२,००,०००।- (दुई लाख रुपिया) हुने गरी शीर्षक मिलान गर्ने ।

७. नगर प्रमुख र उपप्रमुख ज्यूको भारत भ्रमणको सिकाई तथा अनुभव जानकारी गराउने सम्वन्धमा ।

८. शिक्षा समितिको मिति २०७६।०८।११ को निर्णयानुसार यस नगरपालिका अन्तर्गत रिक्त रहेका दरबन्दीहरुमा गरिएको प्राथमिक तहका शिक्षकहरुको पदस्थापनाको जानकारी सम्वन्धमा ।

९. कृषि तथ्यांकको गणनाको जानकारी सम्बन्धमा ।

१०. बेरोजगार व्यक्तिहरुलाई १०० दिनको न्यूनतम रोजगारी प्रदान गर्नको लागि आयोजना छनौट सम्बन्धमा ।

११. न्यायिक समितिबाट निरुपण हुन नसकेको विवादका विषयहरुको सम्बन्धमा ।

१२. विविध

राजनराज पन्त
नगर प्रमुख

कृष्ण कुमारी श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृ



Scanned by CamScanner

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रेमिडाँडा, गोरखा जिल्ला
गण्डकी प्रदेश, नेपाल

निर्णय मिति:२०७६।०८।१५

**निर्णयहरु**

१. यस नगरपालिकाको (घ) वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ को दफा (२) को २ बमोजिमको समितिले तपशील बमोजिमका फर्मलाई (घ) वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्नका लागि सिफारिस गरेकोले उक्त फर्महरुलाई इजाजतपत्र प्रदान गर्न स्वीकृति दिने निर्णय गरियो ।

| क्र.सं. | फर्मको नाम | प्रोपाइटर | ठेगाना |
|---|---|---|---|
| १ | आले कन्स्ट्रक्सन | श्याम आले मगर | वडा नं. ७ |
| २ | माता नवदुर्गा कन्स्ट्रक्सन | चुना अछामी | वडा नं. ६ |
| ३ | ल्याण्ड क्राफ्ट्स | उत्तम बानिया | वडा नं. १ |
| ४ | नमन निर्माण सेवा | नविन दानी क्षेत्री | वडा नं. ३ |
| ५ | अंगाई कन्स्ट्रक्सन एण्ड सप्लायर्स | हित बहादुर अंगाई | वडा नं. ३ |

२. यस नगरपालिकाको सबै वडाको मुख्य बस्ती देखि वडा कार्यालय हुदै नगरपालिकासम्म यातायात सेवा सहज र व्यवस्थित बनाउने उद्देश्यले नगर बस सञ्चालन गर्नका लागि नगरबस सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०७६ पारित गरियो ।

३. यस नगरपालिका भित्र कार्य क्षेत्र रहेका संघ, संस्थाहरुको दर्ता, परिचालन, नियमन तथा व्यवस्थापन गर्नका संघ, संस्था दर्ता, परिचालन र नियमन सम्बन्धी कार्यविधि, २०७६ पारित गरियो ।

४.नगरसभाबाट पारित आ.व. २०७६।०७७ को नगरस्तरीय कार्यक्रम अन्तर्गत श्री महेन्द्र ज्योति माध्यामिक विद्यालयलाई विनियोजित महेन्द्र ज्योति भवन निर्माण सम्पन्न गर्ने शीर्षकको बजेट रु. १३,००,०००।- (तेह्र लाख रुपिया) उक्त विद्यायलयको शैक्षिक तथा भौतिक सुधारको लागि अनुदान दिने निर्णय गरियो ।

५.नेपाली राजदूताबास लण्डनको च.नं. ६१ मिति २०७६।०६।२३ को पत्रबाट संयुक्त अधिराज्यको Rushmoor Borough Council ले यस नगरपालिकासँग भगिनी सम्बन्ध स्थापना गर्ने र सो सम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर गर्न यस नगरपालिकाका मेयरज्यूको नेतृत्वमा चार सदस्यीय प्रतिनिधि मण्डललाई आगामी २९ जनवरी देखि १ फ्रेबुअरी २०२० सम्म संयुक्त अधिराज्यको भ्रमणको लागि जानकारी आएकोले सो भ्रमणमा जानका लागि तपशील बमोजिमको सदस्य रहने निर्णय गरियो ।

तपशील:

१. श्री राजन राज पन्त- प्रमुख

२. श्री विना कुमारी श्रेष्ठ- उपप्रमुख

३. श्री कृष्ण कुमारी श्रेण्ठ - प्रमुख प्रशासकीय अधिकृत

४. श्री किशोर जंग थापा - अध्यक्ष, पत्रकार महासंघ, गोरखा शाखा ।



कृष्ण कुमारी श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

राजनराज पन्त
नगर प्रमुख

Scanned by CamScanner

निर्णय मिति:२०७६।०८।१५

६. आ.व. २०७६।०७७ को लागि नगरसभाबाट स्वीकृत र पालिका वडाहरुको बजेट तथा कार्यक्रम सम्बन्धमा

(क) वडा नं. ८ को कार्यालय तथा प्रशासनिक व्यवस्थापन शीर्षकमा रहेको रु. ४,००,०००।- (चार लाख रुपिया) बाट तल्लो बराह नया बस्ति टोलमा सडक बत्ती व्यवस्थापनका लागि रु. १,००,०००।- (एक लाख रुपिया) रकमान्तर गर्ने भनी वढा समितिको निर्णय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ को व्यवस्था अनुसार रकमान्तर निर्णय गरियो ।

(ख) जिल्ला समन्वय समिति, गोरखाको सदस्य श्री लक्ष्मी थापा मगरज्यूबाट यस नगरपालिकाको वडा नं. २ मा जुडी खेत खोला-आहाले भञ्ज्याङ लिफ्टिङ खानेपानीका लागि रु. १०,००,०००।- (दश लाख रुपिया) विनियोजन भएको र सो योजना कार्यान्वयन गर्नका लागि सम्वन्धित स्थानीय तहबाट २५ प्रतिशत नगद लागत सहभागिताको व्यवस्था गर्नु पर्ने भएकोले वडा नं. २ को खानेपानी, सडक तथा भौतिक संरचना मर्मत सम्भार शीर्षकमा रहेको रु. ६,५०,०००।- (छ लाख पचास हजार रुपिया) मध्येबाट रु. २,५०,०००।- (दुई लाख पचास हजार रुपिया) विनियोजन गरी उक्त योजना कार्यान्वयन गर्नका लागि नगद लागत सहभागिताको व्यवस्था गर्ने भन्ने वडा समितिको निर्णय भएकोले रु. २,५०,०००।- (दुई लाख पचास हजार रुपिया) रकमान्तर गर्ने निर्णय गरियो ।

(ग) वडा नं. ११ को विपद् व्यवस्थापनको लागि रु. ३,००,०००। (तीन लाख) र भ्रमणको लागि रु. २,००,०००। (दुई लाख) विनियोजन गरिएकोमा गल्ती भई विपद् व्यवस्थापनमा रु. ५,००,०००। (पाँच लाख) भएकोले सो शीर्षक संशोधन गरी भ्रमणको लागि रु. २,००,०००। (दुई लाख), ढुलढुले खोला पहिरो संरक्षण तथा नियन्त्रणको लागि रु. २,००,०००। (दुई लाख) र विपद् व्यवस्थापन शीर्षकमा रु. १,००,०००।- (एक लाख रुपिया) रहने गरी खर्च शीर्षक संशोधन गर्ने भनी वडा समितिको निर्णय भई आएकोले कार्यक्रम कार्यान्वयन गर्नका लागि उल्लेखित खर्च शीर्षक मिलान गर्ने निर्णय गरियो ।

(घ) वडा नं. १३ को विपद् व्यवस्थापन अवुवा सेरा चोक सार्वजनिक शौचालय निर्माणमा रु. ३,००,०००।- भएकोले सो संशोधन गरी विपद् व्यवस्थापन शीर्षकमा रु. १,००,०००।-(एक लाख रुपिया) र अवुवा सेरा चोक सार्वजनिक शौचालय निर्माणमा रु.२,००,०००।- (दुई लाख रुपिया) हुने गरी शीर्षक मिलान गर्ने भनी वडा समितिको निर्णय भई आएकोले कार्यक्रम कार्यान्वयन गर्नका लागि उल्लेखित खर्च शीर्षक मिलान गर्ने निर्णय गरियो ।

७. नगर प्रमुख र उपप्रमुख ज्यूको भारत भ्रमणको सिकाई तथा अनुभव Sharing भयो । भूकम्प पश्चात्को पुनर्निर्माण, आय आर्जन, स्थानीय वस्तुको उत्पादन, बजार व्यवस्थापन तथा प्रवर्द्धन, सरसफाई जस्ता विषयमा आफूले देखेका, सुनेका र बुझेका विषयमा नगर प्रमुखज्यू र उपप्रमुखज्यूबाट जानकारी गराउनु भयो ।

८. शिक्षा समितिको मिति २०७६।०८।११ को निर्णयानुसार यस नगरपालिका अन्तर्गत रिक्त रहेका प्राथमिक तहका दरबन्दीहरुमा ३५ जना शिक्षकहरुको पदस्थापना गरिएको र सोको जानकारी गराइयो ।
९. नगरपालिकाको सबै वडाहरुको कृषिसँग सम्बन्धित विभिन्न किसिमका विवरणहरु संकलन गर्नका लागि यस नगरपालिकामा OJT मा आएका कृषि प्राविधिकहरुलाई सबै वडामा खटाउने र तथ्यांक संकलन गर्ने जानकारी गराइयो ।



कृष्ण कुमारा श्रेष्ठ
प्रमुख प्रशासकीय अधि

राजनराज पन्त
नगर प्रमुख

Scanned by CamScanner

निर्णय मिति:२०७६।०८।१५

१०.श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम)को मिति २०७६।०७।२६ च.नं. /PMEP/ ६४ को पत्रानुसार बेरोजगार व्यक्तिहरुलाई १०० दिनको न्यूनतम रोजगारी प्रदान गर्नको लागि मिति २०७६।०८।२५ गते भित्र उक्त मन्त्रालयमा आयोजना प्रस्ताव पेश गर्नु पर्ने भएकोले कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम सबै वडाले आयोजना छनौट गरी मिति २०७६।०८।२३ गते भित्र नगरपालिकामा पेश गर्ने र सोही बमोजिम मन्त्रालयमा पठाउने निर्णय गरियो ।

११. न्यायिक समितिबाट भएको निर्णय कार्यान्वयन हुन नसकेको विवादका विषयहरुको सम्बन्धमा अध्ययन तथा छलफल गरी निर्णय कार्यान्वयन गर्नका लागि सम्बन्धित वडाका वडाध्यक्षहरुलाई निर्देशन दिइयो ।

१२. विविध X

कृष्ण कुमारी श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

राजनराज पन्त
नगर प्रमुख



Scanned by CamScanner